अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टंगाल, काठमाडौं


मिति: २०७६।०३।१५ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

---------------------------------------------------

श्री नेपाल राष्ट्रिय विद्यापीठ माध्यमिक विद्यालय वीरगञ्ज, पर्सामा करार नि.मा.वि. शिक्षकका रुपमा कार्यरत कासिम अन्सारीले एस.एल.सी. तथा इन्टरमिडियट तहका नक्कली शैक्षिक प्रमाणपत्रहरू पेश गरी अध्यापन गरिरहेको हुनाले छानबिन गरी नक्कली र किर्ते गर्नेलाई कानूनबमोजिम कारबाही गरीपाउँ भन्ने उजुरी निवेदनउपर अनुसन्धान हुँदा निज कासिम अन्सारीले भारतको बिहार राज्यको मधुवनीस्थित रा. कृत उच्च मा.वि.बाट एस.एल.सी. परीक्षा उत्तीर्ण गरेको झुट्टा/नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी नि.मा.वि. करार शिक्षकमा नियुक्ति भई राष्ट्रसेवकको ओहोदा प्राप्त गरी सरकारी लाभ तथा सुविधासमेत आर्जन गरेकोले निजको उक्त कार्य प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा १ बमोजिमको कसुर गरेको पुष्टि भएकोले निज कासिम अन्सारीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा १ बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता